# आर्थिक समृद्धिका लागि औद्योगीकरण आजको आवश्यकता



सूर्यनारायण पौडेल
सह-प्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस

**देशको वर्तमान आर्थिक अवस्था:**

आर्थिक वर्ष २०७३/०७४ मा नेपालको आर्थिक वृद्धिदर गत वर्षको तुलनामा उत्साहजनक रह्यो । अनुकुल मौसम, सरकारको पुँजीगत खर्चमा भएको वृद्धि, ऊर्जा व्यवस्थामा सुधारसँगै आर्थिक गतिविधिमा पनि विस्तार भएको थियो । फलस्वरूप आधारभूत मूल्यमा कुल गार्हस्थ उत्पादन ६.९४ प्रतिशत बढ्ने अनुमान गरिएको छ । यो आर्थिक वृद्धिदर २०५०।५१ यताकै सबैभन्दा उच्च हो । भूकम्प र सीमानाका अवरोधबाट सङ्कुचित भएको अर्थतन्त्र चालु वर्षमा पुनरूत्थान र विस्तार उन्मुख छ । आर्थिक वर्ष २०७३/०७४ मा कृषि र गैरकृषि क्षेत्रको उत्पादन क्रमशः ५.२९ र ७.७४ प्रतिशतले बढ्ने अनुमान गरिएको छ । कुल गार्हस्थ उत्पादनमा कृषि र गैरकृषिक्षेत्रको योगदान क्रमशः २९.३७ र ७०.६३ प्रतिशत रहने अनुमान गरिएको थियो ।

आर्थिक वर्ष २०७३/०७४ मा स्थिर मूल्यमा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन गत वर्षको तुलनामा ६.१ प्रतिशतले वृद्धि भई रु २८७३३ अर्थात् ८३२ अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ । यस वर्ष कृषि उत्पादनमा भएको वृद्धि र समग्र आपूर्तिव्यवस्थामा भएको सुधारको कारण मुद्रास्फितिदर केही वर्ष यताकै न्यून (५.१ प्रतिशत) रहेको थियो । विप्रेषण आप्रवाहमा पनि ५.३ प्रतिशतले वृद्धि भई ४५० अर्ब पुग्ने अनुमान गरिएको थियो । गत वर्ष कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको अनुमान २९.६ प्रतिशत पुगेको थियो ।

त्यसैगरी कुल निर्यात कुल गार्हस्थ्य उत्पादनको ३.१ प्रतिशतबाट थोरै घटी ३.० प्रतिशत रहने र निर्यात ३४.४ प्रतिशतबाट बढेर ३७.४ प्रतिशत पुग्ने अनुमान गरिएको छ । फलस्वरूप अघिल्लो आर्थिक वर्षमा कुल गार्हस्थ्य उत्पादनको ३१.३ प्रतिशत व्यापार घाटा बढेर ३४.४ प्रतिशत पुग्ने अनुमान गरिएको थियो ।

आर्थिक वर्ष २०७३/०७४ सम्म नेपालले कुल तिर्न बाँकी ऋण ६२४.५ अर्ब पुगिसकेको छ । जसमध्ये २३३.२ अर्ब आन्तरिक ऋण र ३९१.३ अर्ब बाह्य ऋण रहेको छ । यसरी प्रतिव्यक्ति कुल तिर्न बाँकी ऋण आ.व. २०७३/०७४ सम्म आइपुग्दा रु २१,७४९ पुगेको छ ।

हालै नेपाल राष्ट्र बैंकद्वारा प्रकाशित तथ्याङ्क अनुसार चालु आ.व. २०७४/०७५ को प्रथम सात महिनामा उपलब्ध आर्थिक परिसूचकहरूले नेपाली अर्थतन्त्रको समष्टिगत आर्थिक स्थिति मिश्रित रहने देखाएको छ । यस वर्ष तराई क्षेत्रमा भएको लगातारको वर्षा र डुबानका कारण वर्षे धानको उत्पादनमा असर गरेको र हिउँदे वर्षा पर्याप्त नहुँदा कृषिक्षेत्रको उत्पादन घटेपनि गैरकृषिक्षेत्रको गतिविधि राम्रो हुने बताइएको छ । यस वर्ष ७.० प्रतिशतको उच्च आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य ज्यादै कठिन हुने देखिन्छ । चालु आर्थिक वर्षमा मुद्रास्फिति बढ्ने र वित्तीय अवस्था केही कसिलो रहिरहने छ । बढ्दो चालु खाता घाटासँगै समग्र सोधनान्तर स्थिति ऋणात्मक रहेका कारण विदेशी मुद्रा सञ्चितीमा कमी आएको भएता पनि आगामी दिनमा सरकारी खर्चमा आउने वृद्धिले विद्यमान वित्तीय अवस्थामा सुधार हुँदै जाने अनुमान गरिएको छ ।

**नेपालमा औद्योगिक विकासको थालनी र विकासक्रम:**

कुनै पनि देशको तीब्र आर्थिक विकास र जनताको समृद्धि औद्योगिक विकासविना सम्भव छैन । नेपालमा प्राचीन कालदेखि नै साना तथा घरेलु उद्योगहरू स्थापना र सञ्चालनमा रहेको भए तापनि आधुनिक औद्योगिक विकासको थालनी सन् १९३६ मा उद्योग परिषद्को स्थापनाबाट सुरु भएको मानिन्छ । राणाशासनको अन्त्यतिर सन् १९४० मा नेपालमा उद्योगधन्दाहरूको विकास गर्ने उद्देश्यले नेपाली कपडा र घरेलु इलम प्रचार अड्डाको स्थापना भएको थियो ।



त्यसपछि केही मझौला तथा ठूला उद्योगहरूको स्थापना गरी औद्योगिक विकासको थालनी भएको पाइन्छ । नेपालमा प्रजातन्त्रको आगमन र योगनाबद्ध आर्थिक विकासको थालनी हुनुभन्दा अगाडि पुराना उद्योगहरूको आधुनिकीकरण र नयाँ उद्योगहरूको स्थापना गर्ने कार्यमा खासै प्रगति भएको थिएन ।

वि.सं. २०१३ मा योजना वद्ध आर्थिक विकासको थालनीसँगै औद्योगिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकारले औद्योगिक प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र प्रवर्द्धनको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार एवं सुविधाहरू एकीकृत रूपमा उपलब्ध गराउनुका साथै औद्योगिक क्षेत्रहरूको स्थापनामा जोड दिएको पाइन्छ । यसबाट उद्योगका प्रवर्द्धन एवम् विकास भएर आयात प्रतिस्थापन, निर्यात वृद्धि, स्थानीय सीप र साधनको परिचालन र रोजगारी सृजनामा योगदान पुगेको विश्वास गरिएको छ । बालाजु, हेटौंडा, पाटन, नेपालगञ्ज, धरान, धनकुटा, पोखरा, बुटवल, भक्तपुर, वीरेन्द्रनगर र गजेन्द्रनारायण सिंह गरी ११ वटा औद्योगिक क्षेत्रहरू भएकोमा धनकुटाबाहेकका अरू १० वटा औद्योगिक क्षेत्रहरू सञ्चालनमा रहेका छन् । उक्त उद्योगहरूबाट १७ हजार ५० जनालाई रोजगारी र २७९९० के.भि.ए. विद्युत् खपत भएको छ । गणतान्त्रिक नेपालको स्थापनासँगै सातवटै प्रदेशमा कम्तीमा एक बिगाह क्षेत्रफलमा औद्योगिक क्षेत्र स्थापना गर्ने नीति अनुसार जग्गा प्राप्ति गर्ने नीति पूर्वाधार निर्माण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ जसअनुसार प्रदेश नं. १ मा झापाको दमक, प्रदेश नं. २ मा सर्लाहीको मुर्तिया, प्रदेश नं. ३ मा मकवानपुरको मयुरधाप र चितवनको शक्तिखोर, प्रदेश नं. ४ मा गोर्खाको च्याङ्गलिटार, प्रदेश नं. ६ मा सुर्खेतको साराखानी र प्रदेश नं. ७ मा कञ्चनपुरको दैजीमा नयाँ औद्योगिक क्षेत्रको लागि तय भएको स्थानमा जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाइएको छ ।

**विगतको कटु यथार्थ:**

विश्व बैंकका अनुसार सन् १९६५ देखि १९८५ सम्म नेपालमा निजी क्षेत्रको लागनी कुल गार्हस्थ्य उत्पादनको ९ प्रतिशत मात्र थियो भने करिब ९० प्रतिशत जनसङ्ख्या कृषिक्षेत्रमा सक्रिय थिए । आधार भूत संस्थानहरू पनि न्यून मात्रामा थिए फलस्वरूप राज्यको खर्चमा व्यापक वृद्धि हुन गई नेपालले वित्तीय सङ्कटको अवस्था बेहोर्नुपऱ्यो । जसस्रोतमा विश्वको दोस्रो धनी, प्राकृति स्रोत र साधनले भरिपूर्ण हिमालैहिमालको देश तथा सांस्कृतिक विविधताले सम्पन्न हुँदाहुँदै पनि हामीभन्दा पिछडिएका देशहरू यस अवधिमा समृद्ध हुँदा हाम्रो अर्थतन्त्र भने एक दशक लामो जनयुद्ध, राजनीतिक अस्थिरता, बढ्दो असुरक्षा, भ्रष्टाचार र सरकारी हस्तक्षेपको सास्ती खेप्नुपऱ्यो । विगत ७ दशकसम्म नेपालीहरूले राजनीतिक स्वतन्त्रका लागि थुप्रै लडाइँहरू लड्नुपऱ्यो तर दुर्भाग्य अहिलेसम्म आर्थिक स्वतन्त्रता र समृद्धिका लागि हामी कहिल्यै लडेनौं । चरम आर्थिक विकृति र गरिबीलाई आत्मसात् गरिरह्यौं ।

**विश्व परिवेश:**

औद्योगिकीकरण विना तीव्र आर्थिक विकास र

समृद्धि हासिल गर्न सकिँदैन । आर्थिक स्वतन्त्रता र निजी क्षेत्रलाई उत्प्रेरणाविना औद्योगिक विकास सम्भव छैन । देशमा व्याप्त भ्रष्टाचार, कमजोर विधिको शासन र अनावश्यक कर्मचारीतन्त्रको भारले गर्दा स्वदेशी उद्यमी र वैदेशिक लगानीलाई पनि हतोत्साहित पार्दछ । विश्व परिवेशमा सन् १९३० को विश्वव्यापी आर्थिक मन्दीपछि झन्डै १९६० को दशकसम्म अर्थशास्त्री किन्सको राज्यको हस्तक्षेपकारी नीतिलाई आत्मसात् गरिएको भए तापनि सन् १९५० को दशकबाटै आर्थिक स्वतन्त्रता निजी क्षेत्रलाई उत्प्रेरणा विना आर्थिक विकास हासिल गर्न सकिँदैन भन्ने वकालत सुरु भइसकेको थियो । अर्थशास्त्री मिल्टन फ्रिडम्यानले सन् १९५० मा आर्थिक उपलब्धि र आर्थिक स्वतन्त्रताको बारेमा व्याख्या गरेका थिए । सन् १९७० बाट फेजर प्रतिष्ठानले आर्थिक स्वतन्त्रताको बारेमा विश्वव्यापी वकालत गर्दै सन् १९८९ बाट आर्थिक स्वतन्त्रताका सूचकाङ्कमा सरकारको आकार, कानुनी संरचना र सम्पत्ति सम्बन्धी अधिकारको सुरक्षा, असल मुद्रा, अन्तर्राष्ट्रिय व्यापारमा स्वतन्त्रता, कर्जा, श्रम र व्यापार माथिको नियमन गरी ५ वटा सूचकाङ्कहरू समावेश गरेको छ । सन् २०१८ मा प्रकाशित फ्रेजरको प्रतिवेदन अनुसार हङकङ ९०.२ स्कोरका साथ प्रथम स्थानमा, सिङ्गापुर ८८.८ स्कोर सहित दोस्रो स्थानमा र न्युजिल्याण्ड ८४.२ स्कोर सहित तेस्रो स्थानमा रहन सफल भएका छन् । त्यसैगरी स्वीजरल्याण्ड, अस्ट्रेलिया, आयरल्याड, इन्डोनेसिया, बेलायत, क्यानडा र युनाइटेड अरब इमिरेट्स उच्च दश स्थानमा पर्न सफल भएका छन् । नेपालको आर्थिक स्वतन्त्रता स्कोर ५४.१ सहित १८० वटा देशहरूमध्ये १३३ औं स्थानमा रहेको छ । सबैभन्दा अन्त्यमा उत्तर कोरियाको ५.८ स्कोर रहेको छ भने न्यून आर्थिक स्वतन्त्रता सूचकाङ्क भएका अन्य देशहरूमा जिबुटी, अल्जेरिया, बोलिभिया, जिम्बाबे, इक्वेटरीयजिवी, इरिट्रिया, रिपब्लिक अफ कङ्गो, क्यूबा र भेनेजुयला रहेका छन् ।

औद्योगिक विकासका लागि आर्थिक स्वतन्त्रता आवश्यक तत्त्व हो भन्ने कुरा चिली, न्युजिल्यान्ड र भारतको इतिहास र आर्थिक सूचकाङ्कहरूले पुष्टि गरेका छन् । सिङ्गापुर एक्लैको वार्षिक निर्यात (२६७० खर्ब डलर) सम्पूर्ण दक्षिण एसियाको (२२४० खर्ब) भन्दा बढी छ । यी तथ्यहरूले आर्थिक स्वतन्त्रताले कसरी औद्योगिक विकासलाई प्रेरणा दिन्छ भन्ने कुराको पुष्टि गर्दछ ।

**निष्कर्ष** :

औद्योगिक विकास भन्नाले उद्यमशीलतालाई प्रोत्साहन गर्ने र निजी क्षेत्रलाई अर्थतन्त्रको मुख्य आधारशीला बनाउने प्रक्रिया बुझिन्छ । विश्वभर अनुभव गरिएअनुसार उद्यमशीलताको प्रवर्द्धन र निजीक्षेत्रको विकास नै गरिबीबाट उन्मुक्ति पाउने र समृद्धि हासिल बाटो र उपाय हो । त्यसैले निजी क्षेत्रको विकास र उद्यमशीलताका लागि अनुकूल वातावरण बनाउनु जरूरी छ । कुनै पनि अर्थतन्त्र निजी क्षेत्रमुखी हुनका लागि स्वैच्छिक विनिमयलाई संरक्षण र प्रवर्द्धन गरिनुपर्दछ । बजारका विभिन्न बलहरूलाई कुनै पनि अनावश्यक सरकारी हस्तक्षेपविना स्वतन्त्रतापूर्वक काम गर्न दिइनुपर्दछ । त्यसैगरी उद्योगको स्थापना सञ्चालन र बन्द गर्न सजिलो बनाएर व्यक्ति तथा उद्योगहरूको सम्पत्तिको उचित रक्षा गरेर कर्जासम्मको पहुँचमा राज्यले कुनै रोकटोक नगरेर सरकारी खर्च तथा करको दर कम गरेर उद्योग निर्माणमा सहयोग गर्नुपर्दछ ।

**सन्दर्भ सामग्रीहरू**:


१) अर्थ मन्त्रालय (२०७४), आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७३/०७४, काठमाडौँ : नेपाल सरकार, अर्थ मन्त्रालय ।

२) नेपाल राष्ट्र बैंक (२०७४) : आर्थिक गतिविधि प्रतिवेदन २०७३/०७४ (वार्षिक), काठमाडौँ : नेपाल राष्ट्र बैंक ।

३) नेपाल राष्ट्र बैंक (२०७४) : वर्तमान समष्टिगत आर्थिक तथा वित्तीय अवस्था (२०७४/७५ को सात महिनाको तथ्याङ्कमा आधारित), काठमाडौँ : ने.रा.बैंक ।

४) पौडेल सूर्यनाराण (२०७१), अर्थशास्त्र, काठमाडौँ : प्रज्ञान प्रकाशन ।

५) आर्थिक विकास पाकेट बुक सङ्ग्रह (२०११), आर्थिक स्वतन्त्रता, काठमाडौँ : समृद्धि द प्रोस्पेरिटी फाउण्डेशन ।

**Website:**

www.nrb.org.np

www.mof.gov.np

www.froserinstitute.org>data

www.heritage.org